# जोरायल राजपत्र


## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या १ मितिः 207७ जेठ ३


**भाग- २**

## जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**आयोजना अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७**

# जोरायल गाउँपालिकाको

# आयोजना अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७

जोरायल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७७।०२।०२

**प्रस्तावना**

जोरायल गाउँपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दिगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जोरायल गाउँ कार्यपालिकाले यो आयोजना अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७ बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम जोरायल गाउँपालिकाको आयोजना अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “प्रमुख” भन्नाले जोरायल गाउँपालिकाको प्रमुख सम्झनु पर्नेछ ।

(ख) “आयोजना” भन्नाले जोरायल गाउँपालिका वा सो अन्तरगतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ र यसले जोरायल गाऊँसभाबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

(ग) “उपभोक्ता” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "कार्यपालिका" भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ।

(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले जोरायल गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सदस्य"भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) "सम्झौता"भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ड) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जोरायल गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको कर्मचारीलाई जनाउनेछ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन एवं योजना फरफारक गर्ने कार्यमा संलग्न यस कार्यविधिमा तोकिएका

पदाधिकारीहरु, कर्मचारीहरु तथा गाउँपालिका कार्यालयले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

## परिच्छेद-२

## उपभोक्ता समितिको गठन र सञ्चालन

४. **उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति गठन र संचालन गाउँपालिकाबाट स्वीकृत उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

५. **कार्यदेश बिना कार्य सुरु गर्न नहुनेः** (१) उपभोक्ता समितिले आयोजनाको कार्य शुरु गर्नु भन्दा अघि गाउँपालिकासँग उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम सम्झौता गरी कार्यदेश लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता नगरी काम गरेमा कार्यालयले सो वापत भएको खर्चको भुक्तानी दिने छैन ।

## परिच्छेद - ३

## अनुगमन समितिको व्यवस्था

६. **गाउँपालिका स्तरीय अनुगमन समितिः** (१) गाउँपालिका भित्र सञ्चालित सामाजिक तथा भौतिक विकासका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्न देहाय बमोजिमको एक गाउँपालिका स्तरीय अनुगमन समिति रहनेछः

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) गाउँपालिकाको योजना शाखाको इन्जिनियर - सदस्य

(ग) गाउँपालिकाको सम्बन्धित विषय हेर्ने अधिकृत-सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित विषयगत क्षेत्रको संयोजक -सदस्य

(च) गाउँपालिकाको सम्बन्धित वडा हेर्ने सव-इन्जिनियर -सदस्य

(छ) गाउँ कार्यपालिकाको कार्यालयको योजना शाखा प्रमुख -सदस्य सचिव

(ज) गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत यस अनुगमन समितिका स्थायी आमन्त्रित सदस्य रहनेछन् ।

**७. गाउँपालिका स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

(क) गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत योजना आयोजनाहरुको कार्यान्वयनका लागि सहयोग एवं सहजीकरण गर्ने ।

(ख) आयोजनाको कार्यान्वयन पूर्व निर्धारित कार्यतालिका, मापदण्ड, कार्यविधि तथा लागत अनुमान अनुसार भए नभएको यकिन गर्ने तथा नभएको पाईएमा सम्बन्धित पक्षलाई निर्देशन दिने ।

(ग) गाउँ क्षेत्र भित्र सरकारी गैरसरकारी वा अन्य निकायहरुबाट सञ्चालित सामाजिक एवं भौतिक विकासको कार्यहरुको अनुगमन मूल्याङ्कन गरी सुझाव सल्लाह दिने ।

(घ) गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत योजनाहरुको अनुगमन गरी फरफारकका लागि सिफारिस गर्ने ।

(ङ) गाउँपालिका स्तरीय अनुगमन समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैरसरकारी निकायका कर्मचारी वा पदाधिकारी, सरोकारवालाहरु तथा पत्रकारहरुलाई अनुगमनका लागि आमन्त्रण गर्न सक्नेछ ।

**८. वडा स्तरीय अनुगमन समितिः** (१) गाउँपालिकाका प्रत्येक वडाहरुमा वडा अध्यक्षको संयोजकत्त्वमा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरु -सदस्य

(ग) समन्धित वडाको प्राविधिक कर्मचारी -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

**९. वडा स्तरीय अनुगमन समितिको काम कर्तव्य र अधिकारः** वडा स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँसभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत वडा स्तरीय योजना आयोजनाहरुको कार्यान्वयनका लागि कार्य योजना निर्माणमा कार्यालयलाई सहयोग एवं सहजीकरण गर्ने ।

(ख) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा कार्यान्वयनका क्रममा देखिएका वाधा व्यवधान र समस्या समाधानमा समन्वय गर्ने तथा आवश्यक निर्देशन दिने ।

(ग) आयोजनाको कार्यान्वयन पूर्व निर्धरित कार्यतालिका अनुसार भए नभएको यकिन गर्ने तथा नभएको पाईएमा सम्बन्धित पक्षलाई सल्लाह सुझाव दिने ।

(घ) स्विकृत लागत अनुमान तथा मापदण्ड बमोजिम काम भए नभएको हेर्ने तथा सो बमोजिम नभएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

(ङ) आफ्नो वडामा विषयगत शाखाहरु, विभिन्न सरकारी निकायहरु, गैर सरकारी निकायहरु, विकास साझेदारीहरु, सहकारी संस्थाहरु, सामुदायिक बन उपभोक्ता समितिहरु, जलश्रोत उपभोक्ता समितिहरु आदिले गरेका विकास कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने ।

(च) गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत वडा स्तरीय योजनाको कार्य सम्पन्न भएपश्चात अनुगमन गरी सम्झौता बमोजिम भएकोमा भुक्तानीका लागि सिफारिस गर्ने ।

(छ) वडास्तरीय अनुगमन समितिको काममा सहयोग गर्न प्रमुख प्रशासकीय अधिकृतले एक जना प्राविधिक कर्मचारी खटाउने छ ।

## परिच्छेद- ३
## योजना कार्यान्वयन अनुगमन तथा फरफारक

**१०. आयोजना कार्यान्वयन पद्धति, डिजाईन स्टमेट र लागत अनुमानः** (१) कार्यालयले आर्थिक वर्ष शुरु भएको दुई महिना भित्रमा गाउँ सभाबाट स्वीकृत सम्पूर्ण योजनाहरुको सञ्चालन (Modality) तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराउने छ ।

***स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि कार्यान्वयन पद्धति भन्नाले योजना सञ्चालन उपभोक्ता समिति वा ठेक्का प्रक्रिया वा सामाजिक संघ संस्था वा अमानतबाट सञ्चालन गर्ने भन्ने जनाउँदछ ।*

(२) उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाको डिजाइन स्टमेट र लागत अनुमान उपभोक्ता समितिले बुझ्ने गरी नेपाली भाषामा तयार हुनु पर्नेछ । तर नेपाली भाषामा तयार गर्दा कुनै अंग्रेजी प्राविधिक शब्दको ठेट नेपाली रुपान्तरण नभएको वा नभेटिएकोमा सो शब्दको अर्थसँग मिल्दो नेपाली शब्द राखी अंग्रेजी शब्दलाई कोष्ठमा राख्न सकिनेछ ।

**११. आयोजना डिजाइन स्टमेट र लागत अनुमानको एक प्रति आयोजना सञ्चालन हुने वडा कार्यालयमा पठाउनु पर्नेः** (१) कार्यालयको सम्बन्धित शाखाले आयोजनाको डिजाइन स्टमेट र लागत अनुमानको एक प्रति आयोजना सञ्चालन हुने वडा कार्यालयमा पठाउनु पर्नेछ ।

(२) वडा स्तरीय अनुगमन समितिले सोही ड्र्इङ डिजाइन र लागत अनुमानको आधारमा अनुगमन गर्नेछ ।

**१२. होडिङ्ग बोर्ड र फोटोको व्यवस्थाः** (१) निर्माण कार्यमा संलग्न उपभोक्त समिति तथा निर्माण व्यवसायीले निर्माण स्थलमा सर्वसाधारणले देख्ने गरी होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले निर्माण कार्य शुरु हुनु भन्दा अगाडिको तस्विर तथा निर्माण कार्य सम्पन्न भए पश्चातका तस्विर कार्यालयमा पेश गर्नु पर्नेछ । यसका साथै उपदफा (१)

बमोजिमको होडिङ्ग बोर्ड राखेको तस्बिर समेत योजना फरफारक गर्दा पेश गर्नु पर्नेछ ।

(३) कार्यालयले दफा १० बमोजिमको लागत अनुमान तयार गर्दा होडिङ्ग बोर्ड वापतको रकम समेत समावेश गर्नु पर्नेछ ।

**१३. साइट इन्चार्जः** (१) कार्यपालिकाले प्रत्येक योजनाका लागि एक जना स्थानीय जनप्रतिनिधीलाई साइट इन्चार्ज तोक्नेछ ।

**१४. अनुगमन गर्नु गराउनु पर्नेः** (१) अनुगमन समितिहरुले योजना शुरु हुनु भन्दा अघि, योजनाको कार्य कार्यान्वयन भईरहेको अवस्थामा र कार्य समाप्त भए पश्चात अनुगमन गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले साइट इन्चार्ज मार्फत वा सोझै अनुगमन समिति संयोजक वा सदस्य मार्फत अनुगमनका लागि अनुरोध गर्न सक्नेछ ।

**१५.योजना फरफारकः** (१) कार्यालयबाट योजना फरफारक हुनका लागि कार्यविधिमा उल्लेखित कुराहरुको अतिरिक्त देहाय बमोजिम हुनुपर्नेछः

(क) दफा १२ को उपदफा (२) बमोजिमका तस्विरहरु

(ख) अनुगमन समितिको सिफारिस (रु. ३ लाख सम्मको योजनाको हकमा वडास्तरीय योजना अनुगमन समितिको सिफारिस तथा रु. ३ लाख भन्दा माथिको योजनाहरुको हकमा गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस)

(२) अनुगमन समितिले सिफारिस दिँदा अन्य आवश्यक देखिएका विषयका अतिरिक्त सिफारिस गरिएका योजना पूर्व निर्धारित मापदण्ड तथा स्वीकृत लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको तथा भुक्तानी दिई योजना फरफारक गरिदिने सम्बन्धी स्पष्ट लेखिएको हुनुपर्नेछ ।

## परिच्छेद- ४
## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

**१६.अनुगमन प्रतिवेदनः** अनुगमन समितिले अनुसूची-१ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका अध्यक्ष मार्फत कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

# अनुसूची १
## (कार्यविधिको दफा १६ संग सम्बन्धित)
## योजना अनुगमन प्रतिवेदन

मितिः- ...............

**क) योजनाको विवरणः**

1. योजनाको नामः ..........................................................................

२. योजना संचालन भएको स्थानः...........................................................

३. बिनियोजित रकमः ........... जनश्रमदान ............ कुल लागत ..........

४. सम्झौता मितिः ....... सम्पन्न गर्नु पर्ने मितिः .......... सम्पन्न भएको मितिः ...........

**ख. अनुगमनका क्रममा देखिएका कुराहरुः**

| क. सं. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| क. | योजना कार्यान्वयन तयारी चरणको अनुगमन प्रयोजनाको लागि | | | |
| १ | उपभोक्ता समितिको विधिवत गठन | | | |
| 2 | योजनाको लागत स्टमेटको बारेमा सबै उपभोक्तालाई जानकारी | | | |
| 3 | उपभोक्ता समितिका पदाधिकारीको कार्य विभाजन | | | |
| ख | योजनाहरुको कार्यान्वयन चरण अनुगमन प्रयोजनको लागि | | | |
| 1. | योजनाको डिजाइन स्टमेट अनुसारको कार्य | | | |
| 2. | तोकिएको गुणस्तर कायम | | | |
| 3. | उपभोक्ता समितिको बैठक | | | |
| 4. | वातावरणीय प्रभाव, लैंगिकता, अपागंता, बालबालिका मैत्री जस्ता विषयमा ध्यान दिएको | | | |
| ग | योजना फरफारक चरणको अनुगमन प्रयोजनको लागि | | | |
| 1. | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| 2. | उपभोक्ता समितिबाट जनश्रमदान | | | |
| 3. | सार्वजनिक परिक्षण | | | |
| 4. | आयोजना सूचना पाटी | | | |

ग. आयोजना संचालनका क्रममा देखिएका समस्याहरु

1. ....................................................................................................

२. .....................................................................................................

3. ...................................................................................................

4. ....................................................................................................

घ. अनुगमन समितिको सुझाव

1. ...................................................................................................

२. ....................................................................................................

3. ...................................................................................................

4. ....................................................................................................

उपभोक्ता समितिका अध्यक्ष पदाधिकारीको

नामः............................................

हस्ताक्षरः......................................

मितिः......................................

ङ. अनुगमन समितिको निष्कर्षः

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
..........................................................................................................
.....................................................................................................

**च. अनुगमनमा संलग्न पदाधिकारीहरुः**

| **क्र.सं.** | **नामथर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| 1. | | | |
| 2. | | | |
| 3. | | | |
| 4. | | | |
| 5. | | | |
| 6. | | | |
| 7. | | | |